श्री जिल्ला प्रशासन कार्यालय काठमाडौं

<u>इजलाश</u>

प्रमुख जिल्ला अधिकारी श्री एकनारायण अर्यालबाट भएको

**<u>फैसला</u>**

सम्बत् २०७१/०७२ सालको स.फौ.नं.२७७८

<u>दर्ता मिति</u> :– **<u>२०७१/०९/०६</u>**

मुद्दा :– केही सार्वजनिक अपराध

<u>निर्णय नं.११५२</u>, <u>मिति :– **२०७१/०९/१३**</u>

| **<u>वादी</u>** | **<u>प्रतिवादी</u>** |
|---|---|
| प्रहरी प्रतिवेदन जाहेरीले<br>**नेपाल सरकार**.......... .........१<br>निजको प्रमाण...................................<br>साक्षी.............................................<br>कागज............................................ | ..............को छोरा सुनसरी जिल्ला इटहरी न.पा. वडा नं. ........बस्ने वर्ष ३९ को विकास के.सी.............१<br>.....................को छोरा सुनसरी जिल्ला इटहरी न.पा. वडा नं.........बस्ने वर्ष ४५ को राजु के.सी................१ |

निजको प्रमाण
साक्षी .........................................................................
कागज .........................................................................

<u>यस कार्यालयबाट बुझेको</u>

प्रमाण...........................................

साक्षी...........................................

कागज ----------------------------

**केही सार्वजनिक ( अपराध र सजाय ) ऐन, २०२७ को दफा ५(१) ले यसै कार्यालयको क्षेत्राधिकारभित्र पर्ने भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त विवरण र यस कार्यालयको ठहर यस प्रकार छ :–**

१. मिति २०७१/०३/१९ गते अं.२१:३० बजेको समयमा का.जि.का.म.न.पा.वडा नं.९ सिनामंगल स्थित द होस्ट फाईन डाइनिङ एण्ड सेकुवा हाउसमा निजका संचालक राजु भट्टराईले मेरो आफन्त हुन निजको नियन्त्रणमा उक्त मिति र समयमा म मेरो परिवारका साथ गई खाना खाई फर्कने क्रममा उक्त सेकुवा हाउस भित्रै जिल्ला सुनसरी,ईटहरी

न.पा. वडा नं.१ स्रगित चोक घर भई हाल जि.भक्तपुर लोकन्थली बस्ने खड्ग बहादुर के.सी.को छोरा वर्ष ४५ को राजु के.सी. र ऐ.ऐ. बस्ने वर्ष ३८ को बिकास के.सी. ६/७ जना समेतका व्यक्तिहरुले अप्रत्यासित बिना कारण मसँग बाद बिबाद गरेको मैले निजहरुलाई भाईहरुसँग मेरो चिनजान र अन्य कुनै कारोवार नै छैन किन तपाँईहरु म सँग बादबिबाद गर्नु हुन्छ भनी सम्झाउदा बुझाई गर्न खोज्दा निजहरुले तथानाम अश्लिल शब्द प्रयोग गरी गाली गलौज गर्नुका साथै सार्वजनिक स्थानमा बेईज्यती गरी मेरो आत्म सम्मानमा चोट पुर्‍याउने कार्य गर्नुका साथै म माथि आक्रमण गरी कुटपिट गर्दा मेरो देब्रे आँखामा घाउ चोट बनाएको,शरीरको विभिन्न स्थानमा निलडाम समेत बनाएको र टाई समेत च्याती दिएको,काट्छु मार्छु भनी ज्यान मार्ने धम्की समेत दिई मलाई मानसिक तथा शारीरिक यातना दिई सार्वजनिक स्थानमा हो हल्ला हुल हुज्जत गरी शान्ति सुरक्षामा समेत खलल पार्ने कार्य गरी सर्वसाधारण व्यक्तिलाई आतंकित पारी आँखा जस्तो सम्वेदनसिल भागमा हिर्काई घाउचोट बनाई डरत्रास देखाई आतंकित पारेको हुँदा मेरा घाउजाँच केश फारम गरी दोषी उपर केहि सार्वजनिक अपराध तथा सजाय ऐन अर्न्तगत कारवाहि गरीपाउँ भन्ने ब्यहोराको का.जि.का.म.न.पा.३५ तिनकुने सहयोगीनगर बस्ने वर्ष ४७ को सुरेश आचार्यको किटानी जाहेरी दरखास्त ।

२. मिति २०७१/०३/०५ गते जिल्ला भक्तपुर लोकन्थली बस्ने मेरो आफन्त दाजु पर्ने पदम सिंह के.सी.को मृत्यु भएको कारण म मिति २०७१।३।७ गते काठमाण्डौ आएको हुँ । दाजुको काजक्रिया अवधिभर म भक्तपुरमै बसे । निज विकास के सी पनि आउने जाने गरेको थियो । मिति २०७१।३।१९ गते काकी नाता पर्ने ज्ञानुमाया खत्री विरामी भई काठमाण्डौ मेडिकल कलेज सिनामंगलमा ल्याएको काकीले उपचारमा म लगायत मेरो भाई नाता पर्ने विकास के.सी. पनि सो दिन सिनामंगल अस्पतालमा आएका थिए । मिति २०७१।३।१९ गते वेलुका अन्दाजी २१.०० बजोको समयमा भाई विकास के.सि. खाजा खान्छु भनी सिनामंगल चोकतर्फ गएका थिए । म अस्पतालमै थिए । केहीक्षण पश्चात निजले मलाई द होष्ट फाइन डाइनिङ्ग सेकुवा हाउसमा सेकुवा खान आउनु भनेकाले म पनि त्यसतर्फ गए । उक्त सेकुवा हाउसमा निज विकास के.सी. लगायत अन्य ३/४ जना नचिनेका साथीहरु वियर र सेकुवा खादै थिए । म वियर नखाने हुदा एउटा टेवुलमा छुट्टै बसे खादै जाने क्रममा निज होटलवाला राजु भट्टराइले सुरेश आर्चाय भन्ने व्यक्तिलाई हामीहरु भएको कोठामा पूर्व तर्फका मानिसहरु भनी परिचय गर्न ल्याएकोले म समेतले सुरेश आचार्यसँग हात मिलाई एक आपसमा परिचय गरेका हौ । मलाई पिसाव लागी वाहिर निस्की पछि आउदा निज विकास के.सी.समेत निजका साथीहरुले सुरेश आचार्यसँग के कुन विषयमा हो वादविवाद गर्न थालेका रहेछन् । निज विकास के सीले जाहेरवालालाई गालीगलौज तथा हुलहुज्जत गरी निजले लगाएको टाई समेतमा समाती हातपात समेत गरी चोट लाग्ने हिसावले धकेली दिएका थिए । निजले कुटेकै कारणले जाहेरवालाको आखामा चोट लागेको हुनु पर्छ । निजका अन्य साथीहरु समेत हातपात गरेका हुन । मैले निज सुरेश आचार्यलाई कुटपिट गरी घाइते वनाएको होइन भन्ने समेत व्यहोरको प्रतिवादी राजु के.सि.ले अधिकार प्राप्त अधिकारी समक्ष गरेको वयान ।

३. मिति २०७१/०३/१९ गते राती अं.२१.३० बजेको समयमा म द होष्ट फाइन डाइनिङ्ग सेकुवा हाउसमा सेकुवा मै थिए । जाहेरवाला सुरेश आचार्यलाई हाल नाम थर थाहा भए अनुसार विकास के.सि., राजु के. सी लगायत निज विकास के.सी. भन्ने व्यक्तिसँग खाजा नास्ता खान आएका नाम थाहा नभएका ३/४ जना व्यक्तिहरु समेतले विनाकारण हुलहुज्जत गरी उक्त सेकुवा हाउस भित्र कुटपिट गरी घाइते वनाएका हुन । कुटपिट गर्ने क्रममा निज प्रतिवादीहरुले जाहेरवालाको टाई लगायत कपडा समेत च्याति दिई वाया आखामा गम्भिर चोट पुर्‍याई केही सार्वजनिक अपराध गरेका हुन भन्ने व्यहोरा प्रदिप लामा रामकुमार कार्की र राजु भट्टराईले गरी दिएको घटना विवरण कागज ।

४. मिसिल संलग्न कागजातहरु अध्ययन गरी हेर्दा जाहेरी प्रतिवेदन, घटना विवरण कागज र प्रतिवादी राजु के. सी.ले गरेको वयान कागजात समेतका आधार प्रमाणहरुबाट निज प्रतिवादी राजु के.सी. र विकास के.सी.को उक्त कार्य केही सार्वजनिक (अपराध र सजाय ) ऐन,२०२७ को दफा २ को खण्ड (ख), (ज) र (झ) बमोजिमको कसूर अपराध

भएकोले निज प्रतिवादी राजु के.सी. र विकास के.सी.लाई उक्त कसूरमा सोही ऐनको दफा ६(१) बमोजिम सजाय हुन मागदावी लिई पेश भएको अभियोग-पत्र ।

५. मिति २०७१।३।३२ गते विहान मलाई सार्वजनिक मुद्दा लागेको थाहा पाई महानगरीय प्रहरी वृत्त गौशालामा के कसो हो भनी बुझ्न तथा सोधपुछ गर्न जादा पक्राउ परेको हो भन्ने समेत व्यहोराको प्रतिवादी राजु के.सी.ले यस कार्यालयमा गरेको वयान ।

६. अभियोग इन्कारी गरी वयान गरेता पनि मिसिलसाथ पेश भएका कागजातहरुको आधार प्रमाणहरुबाट प्रतिवादी राजु के.सी.ले अहिले नै आरोपित कसूर गरेको होइन भन्न सकिने नदेखिएकोले मु.ऐ.अ.बं.को ११८ को देहाय ५ नं. अनुसार रु ७,०००।- नगद वा जेथा जमानत राखी मुद्दाको पूर्पक्ष गर्नु भन्ने मिति २०७१/४/५ को यस कार्यालयको आदेश ।

७. अभियोग पत्रको ब्यहोराको ठाउँमा राती म समेत बसी रहेको कोठामा सुरेश आचार्य आउनु भई हामी बीच पहिला सामान्य कुराकानी भई अन्तमा केहि सामान्य बिबाद सम्म भई उहाँ हामी बसेको कोठाबाट र होटलबाट बाहिर गईसक्नु भएपछि उहा माथि हातपात भयो भन्ने सुनेको हुँ । सो कार्यमा म र मेरा साथीहरु संलग्न भए गरेका छैनन् भनी बिकास के.सी.ले यस कार्यालयमा गरेको बयान ।

८. उक्त दिन सिनामंगल स्थित द होष्ट फाइन डाइनिङ्ग सेकुवा हाउसमा राजु भट्टराई मेरो नाता पर्ने ब्यक्ति भएकोले म लगायत मेरो परिवारलाई निमन्त्रणा गरे अनुसार उक्त दिन अन्दाजी साँझ ७:०० बजे मेरो परिवार गएको र परिवारलाई लिन भनी अन्दाजी ८:३०,९:०० लगभग म उक्त सेकुवा हाउसमा पुगेको थिएँ । भित्र अली साँघुरो जस्तो कोठामा राजु के.सी.,बिकास के.सी. लगायत अपरिचित अन्य ६,७ जना ब्यक्तिहरु पनि नास्ता खाई रहेको अवस्थामा थिए त्यतिनै बेला राजु के.सी.ले आउनुहोस भन्दै बिकास के.सी. सँग परिचय गराउदै हात मिलाउने क्रममा मुस्किलले हातमात्र छुनेसम्म भयो,र बिकास के.सी.ले ए तपाई ठूलो भाको हात मिलाउदैन भनी अपशब्द जस्तो बोली निकाली विबाद शुरुवात भयो । विवादको क्रममा तिनीहरुमध्ये एकजनाले टाई सुट लगाएर आएको ठूलो मान्छे भएको हामिले भनेको नमान्ने भनी भनेको जवाफमा मैले मेरो अफिसको काको शिलसिलामा ड्रेस लगाएरै म आफ्नो परिवारलाई लिई घर फर्कने भनी सिधै आएको हुं भनी जवाफ दिए त्यस पछि उहाँहरुले अनेक अपशब्द बोली गाली गर्नु भयो, अनि म त्यहाँ संगै बस्न उचित नठानी बाहिर होटलको काउण्टरमा आई पुगें, त्यसतर्फ उहाँहरुमध्ये एकजना मंगोलियन ग्रुपको अपरिचित ब्यक्तिले पछाडीबाट आएर लगाएको टाई सामाती देब्रे आँखामा चोट पुग्ने गरी मुक्का प्रहार गरे, मैले म आफुलाई सम्हालें, वहाँहरु त्यस पछि मोटर साईकल छाडी सबैजना गाडी चढी जानु मयो । यी सबै घटनाको सम्पूर्ण जानकारी होटल रेष्टुरेन्ट सञ्चालक राजु भट्टराईलाई थाह छ । त्यसपछि मैले प्रहरीलाई जानकारी गराए, जानकारी पछि गौशाला प्रहरी चौकीबाट खटिएका प्रहरीबाट घटनाको जानकारी भयो । तत्पश्चात म लगायत मेरो परिवार र जेठान तिलगंगा अस्पतालमा गै उपचार गराएँ । भएको घटनाको व्यहोरा यही हो । म माथि चोटपटक लागेको औषधि घाउ खर्च भन्दा पनि मेरो सानो बच्चा परिवार प्रति आफन्त अगाडि म नेपाल सरकारको प्रथम श्रेणीको ओहोदाको व्यक्ति माथि भएको मान मर्दन हुने गरी सार्वजनिक स्थानमा मेरो कुनै गल्ती विना शारिरीक हमला हुन गएको हुदा ति व्यक्तिहरु माथि कानूनी कारवाही हुन पर्छ भन्ने समेत व्यहोराको जाहेरवाला सुरेश आचार्यले यस कार्यालयमा गरेको वकपत्र ।

## ठहर

नियम बमोजिम पेशी सूचिमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दामा प्रतिवादी राजु के.सी. र विकास के.सी. ले जाहेरवालालाई मानसिक तथा शारीरिक यातना दिई सार्वजनिक स्थानमा हो हल्ला हुल हुज्जत गरी शान्ति सुरक्षामा समेत खलल पार्ने कार्य गरी सर्वसाधारण ब्यक्तिलाई आतंकित पारी आँखा जस्तो सम्वेदनसिल भागमा

हिर्काई घाउचोट बनाई डरत्रास देखाई आतंकित पारेकोले निजहरुलाई केही सार्वजनिक (अपराध र सजाय ) ऐन, २०२७ को दफा २ को खण्ड (ख), (ज) र (झ) बमोजिमको कसूर अपराधमा सोही ऐनको दफा ६(१) बमोजिम सजाँय गरी पाँउ भन्ने अभियोग माग दावी रहेछ । यसमा प्रतिवादी राजु के.सी. र बिकास के.सी.ले केही सार्वजनिक ( अपराध र सजाय ) ऐन, २०२७ को दफा २ को (ख),(ज) र (झ) बमोजिमको कसुर अपराध गरेका हुन् होइनन्, कसुर अपराध गरेका भए निजहरुलाई के कस्तो सजाँय हुनु पर्ने हो भन्ने सम्बन्धमा निर्णय गर्नु पर्ने देखिन आयो ।

यसमा मिशिल संलग्न कागज प्रमाणहरु अध्ययन गरी निर्णय तर्फ विचार गर्दा प्रतिवादी मिति २०७१/०३/१९ गते अं.२१:३० बजेको समयमा का.जि.का.म.न.पा.वडा नं.९ सिनामंगल स्थित द होस्ट फाईन डाइनिङ एण्ड सेकुवा हाउसमा राजु के.सी. र बिकास के.सी. समेतका ६/७ जना व्यक्तिहरुले तथानाम अश्लिल शब्दले गाली गलौज बेईज्जती गरी सार्वजनिक स्थानमा जाहेरवालामाथि आक्रमण गरी कुटपिट गर्दा आँखामा घाउ चोट बनाएको, शरीरको विभिन्न स्थानमा निलडाम बनाई टाई समेत च्याती दिई ज्यान मार्ने धम्की दिई मानसिक तथा शारीरिक यातना दिई सार्वजनिक स्थानमा हो हल्ला हुल हुज्जत गरी शान्ति सुरक्षामा समेत खलल पार्ने कार्य गरेको भन्ने समेत व्यहोराको सुरेश आचार्यको किटानी जाहेरी दरखास्त परेको देखिन्छ ।

मलाई पिसाव लागी वाहिर निस्की पछि आउदा निज विकास के.सी.समेत निजका साथीहरुले सुरेश आचार्यसँग के कुन विषयमा हो वादविवाद गर्न थालेका रहेछन् । निज विकास के.सी.ले जाहेरवालालाई गालीगलौज तथा हुलहुज्जत गरी निजले लगाएको टाईमा समाती हातपात गरी चोट लाग्ने हिसावले धकेली दिएका थिए । निजले कुटेकै कारणले जाहेरवालाको आखामा चोट लागेको हुनु पर्छ । निजका अन्य साथीहरु समेतले हातपात गरेका हुन । मैले निज सुरेश आचार्यलाई कुटपिट गरी घाइते वनाएको होइन भनी प्रतिवादी राजु के.सी.ले अधिकार प्राप्त अधिकारी समक्ष वयान गरी मिति २०७१।३।३२ गते विहान मलाई सार्वजनिक मुद्दा लागेको थाहा पाई महानगरीय प्रहरी वृत्त गौशालामा के कसो हो भनी बुझ्न तथा सोधपुछ गर्न जादा पक्राउ परेको हो भनी यस कार्यालयमा वयान गरेकाले निज राजु के.सी. वारदातस्थलमा आफू उपस्थित रहेको तथ्यमा सावित रहेको देखियो ।

उक्त दिन सो होटलमा राती म समेत बसी रहेको कोठामा सुरेश आचार्य आउनु भई हामी बीच पहिला सामान्य कुराकानी भई अन्तमा केहि सामान्य बिबादसम्म भई उहाँ हामी बसेको कोठाबाट र होटलबाट बाहिर गईसक्नु भएपछि उहा माथि हातपात भयो भन्ने सुनेको हुँ । सो कार्यमा म र मेरा साथीहरु संलग्न भए गरेका छैनन् भनी बिकास के.सी.ले यस कार्यालयमा बयान गरेको देखिएकाले निज प्रतिवादी पनि उल्लेखित वारदातको मिति, समय र स्थानमा उपस्थित रहेको तथ्यमा विवाद रहेन ।

प्रतिवादी राजु के.सी. र विकास के.सी. ले जाहेरवालालाई मानसिक तथा शारीरिक यातना दिई सार्वजनिक स्थानमा हो हल्ला हुल हुज्जत गरी शान्ति सुरक्षामा समेत खलल पार्ने कार्य गरी सर्वसाधारण व्यक्तिलाई आतंकित पारी आँखा जस्तो सम्वेदनशील भागमा हिर्काई घाउचोट बनाई डरत्रास देखाई आतंकित पारी अभियोग दावी बमोजिम कसुर गरेका हुन् होइनन् भन्ने सम्बन्धमा बिचार गर्दा प्रतिवादीहरु दुवै जना यस कार्यालय समक्षको बयानमा कसुरमा इन्कार रहेता पनि वारदात भएको स्थान सर्वसाधारण जो सुकैका लागि पनि खाना, खाजा, मद्यपान उपलब्ध हुने, बिना भेदभाव जो सुकै व्यक्ति आवत जावत गर्न पाउने होटल व्यवसाय (रेस्टुरेन्ट/सेकुवा बिक्रि गर्ने स्थल) भएकाले सार्वजनिक स्थान रहेको तथ्य पुष्टि हुन्छ । *जाहेरवाला सुरेश आचार्यलाई हाल नाम थर थाह भए अनुसार विकास के.सि., राजु के. सी लगायत नाम थाहा नभएका ३/४ जना व्यक्तिहरु समेतले विनाकारण हुलहुज्जत गरी उक्त सेकुवा हाउस भित्र कुटपिट गरी घाइते वनाएका हुन । कुटपिट गर्ने क्रममा निज प्रतिवादीहरुले जाहेरवालाको टाई*

*लगायत कपडा समेत च्याति दिई वाया आखामा गम्भिर चोट पुऱ्याई केही सार्वजनिक अपराध गरेका हुन्* भनी मौकामा कागज गर्ने व्यक्तिहरुले खुलाएको देखियो ।

जाहेरवाला सुरेश आचार्यले यस कार्यालयमा प्रतिवादीहरुको रोहवरमा गरेको वकपत्रमा समेत जाहेरी दरखास्त एवं अभियोग दावीको व्यहोरालाई नै पुष्टि हुने गरी आफ्नो व्यहोरा खुलाएको र सो दावीलाई प्रतिवादीहरुले खण्डन गर्न नसकेको देखियो । साथै प्रतिवादीहरुले आफु निर्दोष रहेको साक्षी प्रमाण केही पेश गर्न सकेको देखिएन । अतः माथि विवेचित मिसिल संलग्न कागजातहरुका आधारमा प्रतिवादीहरु राजु के.सी. र विकास के.सी. ले केही सार्वजनिक (अपराध र सजाय ) ऐन, २०२७ को दफा २ को (ख),(ज) र (झ) को कसुर गरेको ठहर्छ । सो ठहर्नाले प्रतिवादी विकास के.सी. उल्लेखित वारदात घटाउने मूख्य अभियुक्त देखिएको, जाहेरवालालाई हातपात, दुर्व्यवहार गरी शान्ति सुरक्षा भंग गरेको, तत्काल फरार रही यस कार्यालयबाट जारी भएको म्यादमा उपस्थित भएकोले निजलाई कसुरको मात्रा हेरी सोही ऐनको दफा ६(१) बमोजिम रु ८,०००।- ( आठ हजार रुपैयाँ) जरिवाना हुन्छ । राजु के.सी. वारदात स्थलमा उपस्थित भई विकास के.सी. लाई वारदात घटाउन उक्साएको, हुल हुज्जत गरी गराई शान्ति सुरक्षा भंग गरेको सम्म देंखिदा निजलाई ऐ. दफा ६(१) बमोजिम रु. ५,०००/- (पाँच हजार रुपैयाँ) जरिवाना हुन्छ । प्रतिवादीहरुलाई ठहरेको जरिवाना निजहरुले यस कार्यालयमा राखेको धरौटी रकमबाट कट्टा गरी असुल गर्नु । औषधी उपचारको विगो सम्बन्धमा जाहेरवालाले कुनै दावी नलिएकाले केही दिलाई भराई रहनु परेन । अरुमा तपसील वमोजिम गर्ने गरी प्रस्तुत मुद्दा मुलुकी ऐन अ.बं. १८६ नं. बमोजिम फैसला गरि दिएँ ।

## तपसिल

माथि ईन्साफ खण्डमा लेखिए बमोजिम प्रतिवादी विकास के सी लाई रु ८०००।-( आठ हजार ) र राजु के सी लाई रु ५,०००।- (पाँच हजार) जरिवाना ठहरेकोमा प्रतिवादी विकास के सी ले मिति २०७१।४।७ को आदेशानुसार र.नं.११४ बाट राखेको रु १०,०००।- र राजु के सी ले मिति २०७१।४।५को आदेशानुसार र.नं.०५४ बाट राखेको धरौटी रकम रु ७०००।-( सात हजार ) धरौटी रकमबाट निजहरुलाई ठहरेको जरिवाना असुल गरी राजश्वमा सदरस्याहा गर्नु, वाकी रकम फिर्ता पाउँ भनी ऐनका म्याद भित्र प्रतिवादीहरुको तर्फबाट निवेदन परेमा नियमानुसार फिर्ता दिनु.......................................................................................................१

प्रस्तुत फैसलामा चित्त नबुझे ७० (सत्तरी) दिन भित्र पुनरावेदन अदालत, पाटन, ललितपुरमा पुनरावेदन गर्न जानू भनी प्रतिवादीहरु राजु के.सी. र विकास के.सी.लाई पुनरावेदन म्याद दिनू .......................................२

जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंलाई प्रस्तुत फैसलाको जानकारी दिनू.......................................३

सरोकारवालाले फैसला र मिसिल संलग्न कागजातको नक्कल माग्न आए कानून बमोजिम नक्कल दिनू ..........४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी म्यादमा पुनरावेदन परे मिसिल श्री पुनरावेदन अदालत पाटनमा पठाइदिनू र नपरे नियमानुसार गरी अभिलेख राख्नू ...........................................................................................५

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यूले टिपाए वमोजिम टिपी
कम्प्युटर टाइप गर्ने ना.सु.परशुराम थापा

...................................

(बसन्त राज गौतम)

प्रमुख जिल्ला अधिकारी

इति सम्वत २०७१ साल आश्विन  २९ गते रोज ४ सूभम्......................